फोन नं. ०९६ –४११००४
फ्याक्स नं. ०९६ –४११००४

परशुराम नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

# जोगबुडा, डडेल्धुरा

प्रदेश न.७, नेपाल

प.सं.२०७४/०७५ मिति : २०७४/१२/२३

च.नं

विषय : नतिजा प्रकाशन सम्बन्धमा ।

श्री परशुराम नगरपालिका स्थित सम्पूर्ण माध्यमिक तथा आधारभूत विद्यालयहरु

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाद्धारा मिति २०७४।११।२८ देखि २०७४।१२।६ गतेसम्म सञ्चालित आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ ) को नतिजा परीक्षा समितिको मिति २०७४।१२।२३ को बैठकको निर्णयानुसार ग्रेडिङ पद्धतिमा प्रकाशन गरिएकोले सम्बन्धित विद्यालयहरुले आ-आफ्नो विद्यालयको नतिजा जोगबुडा स्रोतकेन्द्रबाट बुझि लिइ सम्बन्धित विद्यार्थीहरुलाई उपलब्ध गराउने व्यवस्थाको लागि अनुरोध छ । कुनै परीक्षार्थीले परीक्षाको नतिजामा चित्त नबुझी पुनर्योग गराउन चाहेमा मिति २०७४।१२।२९ गते कार्यालय समय भित्र विद्यालयको सिफारिस पत्र, ग्रेडसिटको प्रतिलिपि र पुनर्योग गराउन चाहेको विषयमा प्रति विषय रु २००। शुल्क सहित जोगबुडा स्रोतकेन्द्रमा निवेदन पेश गर्नु हुन अनुरोध छ । साथै ग्रेड वृद्धि परीक्षा र परीक्षा सम्बन्धि अन्य विषयमा तपसिल बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

- विद्यालयले ग्रेडसिट बुझि लिइ उक्त सिटमा उल्लेख भएका विवरणहरु विद्यालयले पठाएको अभिलेखसँग मिले नमिलेको रुजु गरी सुधार गर्न आवश्यक देखिएमा विद्यालयले सक्कलै ग्रेडसिट फिर्ता गरी सुधार गरी लैजाने व्यवस्था गर्ने ।
- विद्यालयहरुले हरेक विद्यार्थीलाई उपलब्ध गराउने गरी बुझि लिएका ग्रेडसिटहरुको १।१ प्रति विद्यालयको अभिलेखका लागि फोटोकपी गरी विद्यालयमा राख्ने र सक्कल ग्रेडसिट सम्बन्धित विद्यार्थीलाई बुझाउने ।
- विद्यार्थीको ग्रेडसिटमा कुनै विद्यार्थीको नाम थर , आमाबुवाको नाम थर, जन्ममिति वा अन्य विवरण फरक पर्न गएमा नतिजा प्रकाशन भएको मितिले ३५ दिन भित्र सप्रमाण सच्याउनका लागि विद्यालयको सिफारिस सहित एकमुष्ठ रुपमा यस कार्यालयको शिक्षा शाखामा सक्कल ग्रेडसिट सहित निवेदन पेश गर्न सक्ने र म्याद नाघी आएका निवेदन उपर